## आठविसकोट नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ८ संख्याः १ मितिः २०८१/१०/२२

भाग-२

## आठविसकोट नगरपालिका

नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन,को दफा को उपदफा (३) बमोजिम आठविसकोट नगर कार्यपालिकाबाट स्वीकृत ऐनहरु सर्वधारणका लागि स्थानीय राजपत्रमा प्रकाशन गरिएको छ।

## आठविसकोट नगरपालिका मदिरा बिक्री बितरण तथा नियमन कार्यविधि२०८१,

नगर कार्यपालिकामा पेश भएको मिति :२०८१/१०/१३

नगर कार्यपालिकामा पारित भएको मिति:२०८१/१०/१३

प्रमाणिकरण मितिः २०८१/१०/१३

आठविसकोट नगरपालिका रुकुम पश्चिम

# आठविसकोट नगरपालिका

# नगर कार्यपालिका कार्यालय

## आठविसकोट, रुकुम (पश्चिम)

## कर्णाली प्रदेश, नेपाल

**आठविसकोट नगरपालिका मदिरा बिक्री बितरण तथा नियमन कार्यविधि२०८१,**

**आठविसकोट नगरपालिका**

**रुकुम (पश्चिम)**

आठविसकोट नगरपालिका रुकुम पश्चिम

# आठविसकोट नगरपालिका मदिरा बिक्री बितरण तथा नियमन कार्यविधि२०८१,

प्रस्तावना विक्रि वितरण तथा सेवनलाई ,आठविसकोट नगरपालिका क्षेत्रभित्रका अवैध रुपमा मदिरा उत्पादन : नियन्त्रणका साथै मदिरा विक्रि वितरण कार्यलाई व्यवस्थित र नियमन गर्न आवश्यक देखिएकोले स्थानीय सरकार २०७, सञ्चालन ऐन४ को दफा १०२ को उपदफा २ बमोजिम आठविसकोट नगर कार्यपालिकाले यो कार्यविधी बनाई लागु गरेको छ।

परिच्छेद १ -
प्रारम्भ

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यस कार्यविधिको नाम "आठविसकोट नगरपालिका मदिरा विक्रि वितरण व्यवस्थापन तथा नियमन कार्यविधी २०८१" रहेको छ।

(२) यो कार्यविधि नगर कार्यपालिकाको वैठकबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा

(क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ सम्झनु पर्छ।

(ख) "नगरपलिका" भन्नाले आठविसकोट नगरपालिकालाई सम्झनुपर्छ।

(ग) "नगर कार्यपालिका" भन्नाले आठविसकोट नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनुपर्छ।

(घ) "सभा" भन्नाले आठविसकोट नगरपालिकाको नगर सभालाई सम्झनु पर्छ।

(ङ) "प्रमुख" भन्नाले आठविसकोट नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्छ।

(च) "उप – प्रमुख" भन्नले आठविकोट नगरपालिकाको नगर उप प्रमुखलाई सम्झनु पर्छ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले आठविसकोट नगर कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(ज) "वडाध्यक्ष" भन्नले आठविसकोट नगरपालिकाका विभिभन्न वडाबाट निर्वाचित वडा अध्यक्ष सम्झनु पर्छ।

(झ) "कार्यालय" भन्नाले आठविसकोट नगरपालिका नगर कार्यापलिकाको कार्यालयलाई सम्झनु पर्छ।

(ञ) "मुल समिति" भन्नाले आठविसकोट नगरपालिकामा गठित आठविसकोट नगरपालिकाको मदिरा विक्रि वितरण व्वस्थापन तथा नियमन समितिलाई सम्झनु पर्छ।

(ट) "समिति" भन्नाले प्रत्येक वडामा गठित वडा स्तरिय मदिरा व्यवस्थापन समितिलाई सम्झनु पर्छ।

(ठ) "मदिरा" भन्नाले फलफुल तथा अन्न कुहाई वा अन्य कुनै तरिकाले नेपाल सरकारको मापदण्ड अनुरुप तयार पारिने विदेशि वा स्वदेशि अल्कोहल पदार्थ मिश्रीत सबै किसिमको रक्सी वियर वाइन अथवा त्यसको विभिन्न स्वरुपलाई समेतलाई जनाउँदछ।

आठविसकोट नगरपालिका रुकुम पश्चिम

(ड) "घरेलु मदिरा" भन्नाले घरेलु सामग्री कच्चा पदार्थहरु प्रयोग गरी नेपाल सरकारको मापदण्ड पुरा नगरी तयार पारिएको मदिरालाई जनाउँदछ ।

(ढ) "डिलरवाला" भन्नाले आठविसकोट नगरपालिका भित्र मदिराको थोक विक्रि गर्न अनुमती प्राप्त विक्रेतालाई सम्झनु पर्छ ।

(ण) "होटल" भन्नाले भोजन खानपानको प्रवन्ध भई वा नभई वसोबासको सुविधा दिने गरी व्यवसायिक उद्देश्यको लागि सञ्चालन गरिएको होटल सम्झनु पर्छ । र सो शब्दले रेस्टुराँ समेतलाई जनाउदछ ।

(त) "अनुमती पत्र" भन्नाले आठविसकोट नगरपालिकाले मदिरा उत्पादन विक्रि वितरण निकासा तथा पैठारी गर्न दिइएको अनुमती पत्रलाई सम्झनु पर्छ ।

(थ) "मदिरा विक्रि वितरण नियन्त्रण" भन्नाले कुनै व्यक्ति वा व्यवसायिले अनुकती पत्र वेगर वा अनुमती पत्र पाएले पनि अनुमतीमा तोकिएको सर्त वमोजिम बाहेक मदिरा बिक्रि वितरण गर्न वा मदिरा खुवाउने बार वा रेस्टुरेन्ट वा पसल थप्न पाइने छैन ।

## परिच्छेद २-
## समिति गठन सम्बन्धी व्यवस्था

३. मदिरा विक्रि वितरण व्यवस्थापन तथा नियमन मूल समित गठन :- मदिराको विक्रि वितरणलाई व्यवस्थित गर्न देहायको मदिरा विक्रि वितरण व्यवस्थापन तथा नियमन मूल समिति गठन गरिनेछ ।

क. प्रमुख , आठविसकोट नगरपालिका संयोजक

ख. उप प्रमुख, आठविकोट नगरपालिका सदस्य

ग. कार्यापालिका तथा नगर सभाबाट ३ जना सदस्य

घ. प्रमुख, स्थानीय सुरक्षा निकाय सदस्य

ङ. प्रतिनिधी, स्थनीय वाणिज्य कार्यालय सदस्य

च. प्रतिनिधी , घरेलु तथा साना व्यसाय समिति सदस्य

छ. प्रतिनिधी , आन्तरिक राजश्व कार्यालय सदस्य

ज. प्रतिनिधी , स्थानीय होटल व्यवसायीहरुको संगठन सदस्य

झ. प्रतिनिधी ,मदिरा नियन्त्रण सम्बन्धी कार्यरत नागरिक, संघ/संस्था सदस्य

ञ. प्रतिनिधी , आमा समुह सदस्य

ट. प्रतिनिधि, स्थानीय व्यपार संघ सदस्य

ठ. प्रतिनिधि मदिरा व्यवसायी संघ सदस्य

ड. नगरपालिकाको सम्बन्धीत विषयगत शाखा प्रमुख सदस्य

ढ. नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव

आठविसकोट नगरपालिका रुकुम पश्चिम

४. मूल समितिको काम , कर्तव्य र अधिकार :-

क. अव्यवस्थित मदिराको अव्यवस्थित बिक्रि वितरणलाई व्यवस्थित गरी नगरपालिकामा हुने विकृति ,विसंगतिलाई रोक्न आवश्यक कार्य गर्ने , गराउने ।

ख. वडा स्तरीय मदिरा व्यवस्थापन समितिलाई आवश्यक सहयोग तथा निर्देशन दिने ।

ग. मदिराको बिक्रि वितरण र व्यवस्थापन तथा नियमन  गर्न यस कार्यविधिलाई कडाईका साथ लागु गर्ने , गराउने ।

घ. यो कार्यविधि विपरित मदिरा बिकरि वितरण गर्ने वा सेवन गर्नेलाई जरिवाना गर्ने , गर्न लगाउने ।

ङ. मदिरा बिक्रि वितरण , व्यवस्थापन र नियमनलाई व्यवस्थापन गर्न आवश्यक अध्ययन, अनुगमन गर्ने गर्न लगाउने ।

च. वडा स्तरीय मदिरा व्यवस्थापन समितिको काम कारवाहीको अनुगमन गर्ने, गराउने ।

छ. नगरपालिकालाई मदिरा बिक्रि वितरणको प्रभावकारी व्यवस्थापनका लागि प्रत्येक नगर सभा पूर्व नीति, वजेट तथा कार्यक्रमका बारेमा लिखित स्झाव दिने ।

५. वडा स्तरीय मदिरा व्यवस्थापन समिति:- मदिराको बिक्रि वितरणलाई व्यवस्थित गर्न प्रत्येक वडामा देहाय बमोजिमको वडा स्तरीय मदिरा व्यवस्थापन समिति गठन गरिनेछ ।

| | |
|---|---|
| क. सम्बन्धित वडाको वडा अध्यक्ष | संयोजक |
| ख. सम्बन्धित वडाका वडा सदस्यहरु | सदस्य |
| ग. प्रतिनिधि, स्थानीय सुरक्षा निकाय | सदस्य |
| घ. सम्बन्धित वडाका नागरिक संगठन , संघ/संस्था , टोल विकास समिति, आमा समुह मध्येबाट वडा अध्यक्षले तोकेको ३ जना | सदस्य |
| ङ. प्रतिनिधि, होटल व्यवसायीहरुको संगठन | सदस्य |
| च. प्रतिनिधि, होटल तथा पेय पदार्थ संगठन | सदस्य |
| छ. सम्बन्धित वडाका वडा सचिव  सदस्य | सचिव |

६. वडा स्तरीय मदिरा व्यवस्थापन समितिको काम , कर्तव्य र अधिकार :-

क. मदिरा व्यवसाय सञ्चालन अनुमती दिँदा कार्यविधिमा उल्लेख भएका प्रक्रिया पूरा गर्ने व्यवसायीलाई मात्र इजाजत पत्र प्रदान गर्ने ।

ख. वडामा यस कार्यविधि बमोजिम मदिरा बिक्रि वितरण तथा सेवन भएको छ, छैन ? सो को अनुगमन गरी त्यसको जानकारी मूल समितिलाई दिने ।

ग. यस कार्यविधिमा भएको व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

घ. यस कार्यविधिको पालना नगर्नेलाई कार्यविधि बमोजिम जरिवाना गर्ने । जरिवाना तिर्न अटेर गरेमा सो को जानकारी मूल समितिलाई दिने ।

ङ. सयम समयमा मूल समितिले दिएको आदेश निर्देशनको पालना गर्ने , गराउने ।

च. यस कार्यविधि बमोजिम आफुले गर्नु पर्ने अन्य कार्य गर्ने ।

छ. कार्यविधि कार्यन्वयनका लागि आवश्यक सुझावहरु भए समितिबाट निर्णय गराई मूल सकितिमा लिखित प्रतिवेदन पेश गर्ने ।

## परिच्छेद-३
## मदिरा व्यवस्थापन कोष सम्बन्धी व्यवस्था

७. यस कार्यविधि विपरित मदिरा बिक्रि वितरण र सेवन गर्ने व्यक्तिबाट यस कार्यविधि बमोजिम उठेको जरिवाना रकमको ४५ प्रतिशत राजश्व खातामा जम्मा हुनेछ । बाँकी ५५ % मदिरा तथा लागू पदार्थ सेवन विरुद्धका जनचेतनामूलक कार्यक्रममा खर्च गरिनेछ ।

## परिच्छेद-४
## मदिराको बिक्रि वितरण र व्यवस्थापन सम्बन्धी व्यबस्था

८. क) मदिरा व्यवसाय सञ्चालन गर्न नगरपालिका बाट अनिवार्य अनुसूची -१ बमोजिमको व्यवसाय दर्ता प्रमाण पत्र लिनु पर्ने र प्रमाण पत्र दर्ता तथा नविकरण शुल्क यस आठविसकोट नगरपालिकाको आर्थिक ऐनमा व्यवस्था भए बमोजिम हुनेछ । मदिराको बिक्रि वितरण गर्दा सामाजिक सद्भाभाव शान्ति सु-व्यवस्था अमन चयन खलबलिन नहुने घरेलु हिंसा समाजमा झै झगडा नहुने शान्ति सुरक्षा कायम हुने गरी मात्र सञ्चलन गर्नु पर्नेछ ।

ख) मदिराको बिक्रि वितरण गर्दा नगरपालिकाबाट जुन उद्देश्यको लागि व्यवसाय प्रमाण पत्र दिइएको हो सो बमोजिम थोक बिक्रेताले दिउसो १ वजे देखी राती ९ वजेसम्म र खुद्र बिक्रेताले वेलुका ६ वजे देखी राती ९ वजेसम्म व्यवसाय सञ्चालन गर्न पाइनेछ । तर नगरपालिकाले तोकिएको विशेष पर्यटकिय क्षेत्रभित्र उक्त समय सिमा र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

ग) कुनै पनि मदिरा पसलले सार्वजानिक स्थल, विद्यालय, स्वास्थ्य संस्था, धार्मिक स्थल, सुधार गृह, वाल स्याहार केन्द्र, पुस्तकालय ,सरकारी कार्यालय तथा सामाजिक महत्वका स्थानबट २०० मिटर भित्र मदिरा बेच विखन गर्न पाइने छैन ।

आठबिसकोट नगरपालिका रुकुम पश्चिम

घ) मदिरा बिक्रि वितरणको कारोवार गर्न अनुमति लिइएककाहरुले बाहेक सोहि ठाँमा अन्य व्यवसायको कारोवार गर्न पाउयने छैनन् साथै जुन स्थानमा व्यवसाय गर्ने हो सोहि स्थानमा व्यवसाय गर्नु पर्ने छ । स्थान परिवर्तन गर्नु पर्मा सोको पूर्व सहमती वडा कार्यालयबाट लिनु पर्ने छ ।

ङ) किराना, खाद्यान्न, तरकारी , औषधी, मासु, कपडा ,फलफूललगायतका कुनै पनि पसलबाट मदिरा बिक्रि वितरण गर्न पाइने छैन ।

च) मदिराको स्वीकृती लिएका होटेलहरुले खाना र बास क्षेत्र बाहेक मदिरा सेवन रेष्टुरेन्ट अलग्गै हुनुपर्ने छ ।

छ) १८ वर्ष मुनिका तथा गर्भवती र सुत्केरी महिलाहरुलाई मदिरा खरिद , बिक्रि , वितरण र ओसारपसार गर्न गराउन पाइने छैन ।

ज) इजाजत पत्र प्राप्त गरी उत्पादन गर्ने व्यवसायीले मदिराको बोतलको विर्कोमा पर्ने गरी अन्त:शुल्क टिकट टाँस गरेको हुनु पर्दछ ।

झ) मदिरा खरिद बिक्रि गर्नेले मदिरा खरिद बिक्रि गरेको विवरण राख्नु पर्नेछ ।

ञ) मदिरा बिक्रि वितरण गर्ने इजाजत प्राप्त व्यवसायीले पसल बाहिर सडकबाट देखिने गरी बोर्ड राख्नु पर्ने छ । त्यसै गरी कानुन बमोजिम सरकारी निकायहरुबाट लिएको इजाजत पत्रहरु सबैले देख्ने गरी कारोबारको स्थलमा राख्नु पर्ने छ ।

ट) कसैले पनि प्लास्टिकको पोका (पाउच) मा मदिरा राखि मदिराको उत्पादन तथा बिक्रि वितरण गर्न पाइने छैन । त्यसै गरी कानूनले बन्देज गरेको घरेलु  मदिरा बिक्रि वितरण ओसारपसार आदि गर्न पाइने छैन ।

ठ ) समुदायको धर्म , संस्कार , चाडपर्वलाई मात्र ध्य दिएर सम्बन्धीत पक्षबाट वडा स्तरीय मदिरा व्यवस्थापन समितीलाई अनुरोध हुन आएमा सामाजिक शान्ती, सु-व्यवस्थामा अमनचयन नखलबलिने, घरेलु हिंसा, सामाजिक झै- झगडा नहुने र शान्ती कायम हुने  गरी मात्र वडा स्तरीय व्यवस्थापन समितिको निर्णयमा समय सिमा तोकि मदिरा प्रयोग गर्न सकिनेछ ।

ड) मदिरा व्यवसायिहरुले आफ्नो पसल व्यवसायबाट निस्कने कुनै पनि प्रकारका फोहर सार्वजानिक स्थलमा फाल्न पाइने छैन ।

ढ) मदिरा व्यसायी वा अन्य बिक्रेताले हाट वजार सार्वजानिक स्थल चोक तथा मेला पर्वहरुमा मदिरा बिक्रि वितरण गर्न पाइने छैन ।

ण) मानव स्वास्थ प्रति चेतना गराउने सुचना तथा होडिङ बोर्ड बाहेक मदिराको प्रचार-प्रसार ,माइकिङ्ग,विज्ञापन तथा होडिङ बोर्ड राख्न पाइने छैन ।

त) मदिरा विक्रेता तथा सेवन कर्ताहरुले अनुमती प्राप्त होटल, रेष्टुराँ बाहेक अन्यत्र मदिरा सेवन गर्न गराउन पाइने छैन ।

थ) तोकिएको समय सिमाभन्दा बढि सञ्चालन भएको पाइएमा दोब्बर जरिवाना लाग्ने छ  र तिन पटक भन्दा बढि यो कदम दोहोरिएकमा अनुमती पत्र खारेज गर्न सकिने छ ।

द) मदिरा व्यवसायमा यौनजन्य, लैङ्गिक हिंसा, अश्लिल क्रियाकलाप, बाल शोषण,श्रम शोषण आदि गरेको पाइएमा कानून बमोजिम कारवाहि गरिने छ ।

## परिच्छेद५-

## कारवाहीजफत र सामनको बिक्रि सम्बन्धी व्यवस्था ,

९. कारवाही, जफत र सामानको बिक्रि सम्बन्धी व्यवस्था :- यो कार्यविधी विपरित मदिरा बिक्रि वितरण गरेको पाइएमा देहाय बमोजिम गरिनेछ :

क. कुनै पनि व्यक्ति तथा व्यवसायीहरुले यस कार्यविधी र प्रचलित कानून विपरित मदिराको उत्पादन, बिक्रि वितरण, निकासी व पैठारी गरेको पाइएमा सो कार्य सँग सम्बन्धीत मदिरा मूल समितिको प्रतिनिधिको रोहवरमा प्रचलित कानून बमोजिम मुचुल्का उठान गरी जफत गरिने छ।

ख. उपखण्ड "क" बमोजिम जफत गरेको मदिरा मध्ये बिक्रियोग्य मदिरा प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारीले लिलाम बिक्रि गर्नु पर्ने छ। बिक्रि योग्य नरहेको मदिरा वातवरणमा क्षति नपुग्ने तवरले नष्ट गर्नु पर्ने छ।

ग. यस कार्यविधि र प्रचलित कानून विपरित मदिरा करोबार गर्न प्रयोग गरिएको सबै सामानहरु प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचरीले जफत गरी तोकिए बमोजिम लिलाम बिक्रि गर्ने छ। तर सवारी साधनको हकमा एक पटकको लागि छोडिने छ पुन दोहोरिएर मदिरा कारोबारको रकमलाई आधार मानी दोब्बर रकम सवारी साधन धनीलाई जरिवाना गरिने छ, साथै पटक पटक सोही सवारी साधनमा मदिरा ओसारपसार भएको पाइएमा मूल समितिले निर्णय गरे बमोजिमको कारवाहि हुनेछ।

घ. इजाजत प्राप्त गरी सञ्चालनमा आएका पसलमा नियमित जसो होहल्ला, सामाजिक अमनचयन, छिमेकिलाई वातावरणिय तथा ध्वनीले पर्ने प्रभावका कारण असज अवस्था भएमा सामुहिक उजुरी वडास्तरीय मदिरा व्यवस्थापन समितिमा पेश गर्न सकिनेछ। वडा स्तरीय मदिरा व्यवस्थापन समितिमा उजुरी परेको सात दिन भित्र सो को प्रकृया अगाडि बढाउनु पर्ने छ। सो अवधीमा निवेदन उपर कुनै पकृया अगाडि नबढेमा उक्त उजुरीक्ताहरले मूल समितिमा पुन निवेदन दिन सक्ने छन र सो उजुरी उपर छानविन गरी सामान्य देखी सामाजिक अवस्था खलबलिने अवस्थाको प्रतिवेदन प्राप्त भए मूल समितिले सो व्यवसायीलाई सचेत गराउने , व्यवसाय बन्द गराउने देखी इजाजत पत्र समेत खारेज गर्न सक्ने छ।

ङ. मदिरा व्यवसायीहरुले आफ्न पसल व्यवसायबाट निस्कने कुनै पनि प्रकारका फोहर सार्वजानिक स्थलमा फलेको प्रमाणित भएमा सो व्यवसायीलाई प्रथम पटकमा सचेत गराउने तथा पटक पटक दोहरिएमा मूल समितिले सो व्यवसायीलाई सचेत गराउने, व्यवसाय बन्द गराउने देखी इजाजत पत्र समेत खारेज गर्न सन्ने छ।

च. यस कार्यविधी र प्रचलित कानून कार्यान्वयको लागि नगरपालिले मागेको सहयोग उपलब्ध गराउनु स्थानीय प्रशासन र सरोकारवाल अन्य निकायको कर्तव्य हुनेछ।

१०. यो कार्यविधि र प्रचलित कानून विपरित मदिरा बिक्रि वितरण गरेमा देहाय बमोजिम जरिवाना गरिनेछ।

क) पहिलो पटक रु.१०,०००।– (दश हजार)

ख) दोस्रो पटक रु.१५,०००।– (पनध्र हजार)

ग) तेस्रो पटक रु. २०,०००।–(विस हजार)

घ) सो भन्दा बढि पटक भएमा मूल समितिले थप रकम जरिवाना साथै इजाजत पत्र खारेज गर्न सम्बन्धित निकायमा सिफारिस गर्न सक्नेछ।

११. जरिवाना सम्बन्धी अन्य व्यवस्था :

१) यस कार्यविधि विपरित मदिरा सेवन गरी समाजमा शान्ति, सुव्यवस्था, अमनचयन खल्बल्याउने, झैझगडा गर्ने, होहल्ला गर्ने, जस्ता कार्य गरेको, हिडेको पाइएमा देहाय बमोजिम जिरिवाना गरिनेछ :

क) पहिलो पटक रु. ५,०००।-–(पाँच हजार)

ख) दोस्रो पटक रु. ७,०००।– (सात हजार)

ग) तेस्रो पटक रु. ९,०००।– (नौ हजार)

घ) सो भन्दा बढी पटक भएमा प्रत्येक पटक रु.११,०००।– (एघार हजार) जरिवाना गरिनेछ।

२) राष्ट्रसेवक कर्मचारी वा सेवाग्राहीले कार्यालय समयमा मदिरा सेवन गरेको प्रमाणित भएमा उक्त जरिवानामा शत प्रतिशत जरिवाना थप गरी जरिवाना गरिनेछ। सो पश्चात राष्ट्र सेवक कर्मचारीको हकमा विभागिय कारवाही प्रक्रिया अगाडि बढाइनेछ।

३) नगरपालिकाको नगर सभामा प्रतिनिधित्व गर्नु हुने जन प्रतिनिधीले कार्यालय समयमा मदिरा सेवन गरेको प्रमाणित भएमा तोकिएको जरिवानामा शत प्रतिशत थप जरिवाना सहित थप कारवाहीको लागि नगर सभाले निर्णय गरे बमोजिम हुनेछ।

४) यदि कुनै व्यक्तिले उल्लेखित जरिवाना तिर्न इन्कार गरेमा निजलाई वडा कार्यालय तथा नगरपालिकाबाट प्राप्त सेवा सुविधा रोक्का राखी कारवाही गर्न सकिने छ।

५) प्रचलित कानून अनुसार मदिरा व्यवसायको इजाजत पत्र नलिई व्यवसाय गरेको पाइएमा सो व्यवसायलाई कारवाही सहित व्यवसाय सिलबन्दी गरिनेछ।

६) बैबाहिक समारोह, ब्रत बन्ध तथा अन्य भोजका कार्यक्रम ( सामाजिक सांस्कृतिक रुपमा परम्परा रहेको समुदाय बाहेक) मा मदिरा प्रयोग गर्नु पर्ने भए मदिरा खरिद र प्रयोगको अनुमती सम्बन्धीत वडा स्तरीय मदिरा व्यवस्थापन समितिबाट लिनु पर्नेछ।

७) मदिरा व्यवसायीहरुले " मदिरा सेवन स्वास्थ्यको लागि हानिकारक छ " भन्ने नारा सबैले देखिने गरी राख्नु पर्ने छ।

८) भाडामा मदिरा व्यवसाय सञ्चालन गर्ने व्यवसायीले व्यवसाय दर्ता तता नविकरण गर्दा अनिवार्य रुपमा घर बहाल सम्झौता कागजातहरु पेश गर्नु पर्ने छ।

९) यो कार्यविधिलाई परिपालन गर्न, गराउन प्रत्येक नगरवासीको कर्तव्य हुनेछ।

१०) यो कार्यविधी कार्यन्वयन पछि नगरपालिका क्षेत्र भित्र सञ्चालनमा रहेका सबै मदिरा व्यवसायीहरुलाई नगरपालिकामाम सुचिकृत गरी अध्यावधिक गरिनेछ।

(अनुसुची -१)

आठविसकोट नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

आठविसकोट, रुकुम पश्चिम

**मदिरा बिक्रि वितरण व्यवसाय दर्ता प्रमाण पत्र**

दर्ता नं : मिति:

व्यवसाय /फर्मको नाम :

व्यवसायीको नाम :

घर धनीको नाम:

व्यवसाय रहेको स्थान:

व्यवसाय रहेको बाटो:

व्यवसायीको स्थायी ठेगाना:

इमेल:

फोन:

पाना नं :

अन्य निकायमा दर्ता भएको भए:

निकाय:

दर्ता नं:

| क्र.स. | व्यवसायको प्रकार | व्यवसायको प्रकृती | वडा नं | दर्ता नं | टोलको नाम | बाटोको नाम | घर नं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

नोट: यो प्रमाणपत्र स्थानीय सरकार सञ्चालन ऐन २०७४बमोजिम आठविसकोट नगरपालिकाबाट जारी गरिएको छ। जारी गरेको आदेश निर्देशन र सूचना सम्बन्धित सबैले अनिवार्य पालना गर्नु पर्नेछ।

.............................

व्यवसायीको दस्तखत

..................................

दर्ता अधिकारीको दस्तखत

आठविसकोट नगरपालिका रुकुम पश्चिम